### ३. राष्ट्रिय लालीगुराँस पार्क:

गुराँसको राजधानी तेह्रथुम जिल्लाको, लालीगुराँस नगरपालिका अन्तर्गत तिनजुरे, R.R Garden, पाँचपोखरी क्षेत्रमा २८ प्रजातिको गुराँस फुल्ने हुँदा अझ बढी गुराँसलाई संरक्षण गरी पर्यटकलाई मनमोहित पारी पर्यटक भित्र्याउन थप निर्माण कार्यको पूर्वाधार गर्न DPR भई रहेको छ । तिनजुरेमा, Children Park, Picnick Shed, Camp fire, राई खम्बु पार्क, सार्वजनिक शौचालय, बसपार्क, पाथिभरा मन्दिर परिसर सुधारका साथै अन्य पूर्वाधार निर्माण भएको छ । यस क्षेत्र पर्यटकीय संभाव्यता बोकेको हुनाले थप लगानी गर्न आवश्यक देखिन्छ ।




मिति २०८१/०९/०२ मा माननीय सीता गुरूङ (पूर्व शहरी विकास मन्त्री) ज्यूबाट तिनजुरे क्षेत्र आर.आर. गार्डेन परिसरको उद्घाटन

### ४. पिंगुवा खोला हातीआल खानेपानी योजना:

लालीगुराँस नगरपालिकाको वडा नं. ८ र ९ को स्थानीयबासीहरूको माग र आवश्यकतालाई मध्यनजर गरी पिंगुवा खोला हातीआल खानेपानी योजना आ.व. २०७८/०७९ मा बजेट विनियोजित भई ठेक्का प्रक्रियाबाट निर्माण कार्य आ.व. २०८१/०८२ मा सम्पन्न गरी वडा नं. ८ र ९ को २६५ घरधुरीलाई खानेपानी उपभोग गर्न सहज भइरहेको छ ।

### ५. बसन्तपुर नयाँ शहर र नगरपालिकाको एकीकृत भवन:

लालीगुराँस नगरपालिकाको पुरानो र बसन्तपुर नयाँ शहर आयोजना कार्यालयको आफ्नो भवन नभएको कारण सबै शाखाहरु संचालन गर्न, सेवाग्रहीहरुलाई सेवा लिन र दिन असहज भएको थियो । आ.व. २०८०/०८१ को विनियोजित बजेटबाट बसन्तपुर नयाँ शहर र नगरपालिकाको एकीकृत भवन अपाङ्ग मैत्री, वातावरण मैत्री साथै स्थानीय मौलिकता झल्कने गरी भवनको निर्माण कार्य भइरहेको छ । यस भवन निर्माण भए पश्चात सेवाग्राहीहरुले सम्पूर्ण सेवा सुविधा सहज रुपमा लिन पाउनेछन् । हाल उक्त भवनको स्ट्रक्चरको कार्य सम्पन्न भई फिनिसिङको कामहरू भइरहेको छ । सो भवनबाट आगामी आ.व. बाट सेवा सुचारू हुने गरी कार्य भइरहेको छ।



बसन्तपुर नयाँ शहर र नगरपालिकाको एकीकृत भवन प्रारूप (3D Image)

## आगामी दिनको कार्यदिशा

- **Landfill site:** फोहोर व्यवस्थापन शहरको एक अभिन्न अङ्ग हो र आगामी आ.व. हरूमा यसका लागी नेपाल सरकारबाट रकम विनियोजित भएमा यस बसन्तपुर बजार क्षेत्र वरिपरिका फोहोरमैलाहरु व्यवस्थित गर्न Landfill क्षेत्रमा बाँकी रहेका पूर्वाधारहरु निर्माण गर्ने ।
- **Cold Store:** तरकारी तथा फलफूल उत्पादनमा यस क्षेत्र अब्बल रहेको हुँदा Cold Store निर्माण गरी किसानहरुको आम्दानीको स्रोत बढाउने। हाल नगरपालिकाले रसायनिक मलमा प्रतिबन्ध लगाइकोले अर्गानिक खेतीलाई प्रोत्साहन गर्न Cold store आवश्यक देखिन्छ ।
- **Ring Road:** १० कि.मी. रिङ रोड वैकल्पिक बाटोको रुपमा रहेको बसन्तपुर-चम्फुला-दाँगापा-सिंथापा-मंगलबारे-सोल्मा-काँडे सडक खण्डको निर्माण कार्य गरी भविष्यमा त्यस क्षेत्रभित्रको कृषि उत्पादनका साथसाथै यातायात सहज भई बसन्तपुर बजारको दैनिक गतिविधि बढ्ने देखिन्छ ।
- **खेलमैदान:** लालीगुराँस नगरपालिकाको बसन्तपुर बजारको हाताभित्र रहेको खेलमैदान "राष्ट्रका लागी खेलकुद र स्वास्थ्यका लागी खेलकुद" भन्ने नाराका साथ यहाँका जनताहरु स्वस्थ, स्फुर्ति र तन्दुरुस्त रहनका साथै स्थानीय नगर, जिल्ला र राष्ट्रका लागी उत्कृष्ट खेलाडीहरु उत्पादन गर्न आवश्यक रहेको देखिन्छ।
- **बसपार्क:** बसन्तपुर बजार पर्यटकीय क्षेत्र भएकाले व्यवस्थित बसपार्क नभएका कारण यातायातको बढी चाप हुने हुँदा पार्किङमा समस्या रहेको छ। बसपार्क निर्माण भए यातायातको चापमा पार्किङ सहजता हुने देखिन्छ ।
- **शिक्षा क्षेत्र:** लालीगुराँस नगरपालिकाको बालबालिकाहरु राम्रो र उच्च शिक्षा हासिल गर्न यस ठाउँबाट अन्यत्र जाने हुँदा यहाँ विद्यालय, कलेज स्थापनाको लागी थप कार्य गर्नु पर्ने देखिन्छ ।
- **स्वास्थ्य क्षेत्र:** लालीगुराँस नगरपालिका भित्रका विपन्न, गरिब जनताहरु सामान्य उपचार स्वास्थ्य सेवा लिन बाहिर जानु पर्ने हुँदा आर्थिक पहुँचमा समस्या भएकोले राम्रो हस्पिटल व्यवस्थापन भएर यहाँ नै उपचार गर्न सहजता हुने देखिन्छ ।

"समृद्ध नेपालको रहर-
योजनाबद्ध र व्यवस्थित नयाँ शहर"

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

# बसन्तपुर नयाँ शहर आयोजना कार्यालय तेह्रथुम ।




०२६-४०२१२२

newtownbasantapur@gmail.com

www.ntpobst.dudbc.gov.np

www.facebook.com/ntpobst

## पृष्ठभूमी

बसन्तपुर नयाँ शहर तेह्रथुम जिल्ला, लालीगुराँस नगरपालिकाको बसन्तपुर बजार क्षेत्रमा अवस्थित रहेको छ । नेपाल सरकारको आ.व. २०६७/०६८ को नीति तथा कार्यक्रम अनुसार आधुनिक नयाँ शहरहरुको विकास तथा निर्माण गर्ने सोच बमोजिम स्थापना भई सघन शहरी विकास कार्यक्रम अन्तर्गत नयाँ शहर आयोजना संचालनमा रहेको थियो । आ.व. २०७१/०७२ देखि छुट्टै बजेट शीर्षकबाट कार्यक्रमहरु कार्यान्वयन भइरहेको छ । मध्यपहाडी (पुष्पलाल) राजमार्गलाई छुने १० वटा नयाँ शहरहरु मध्ये बसन्तपुर नयाँ शहर एक हो । शुरुवाती चरणमा तत्कालिन शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, धनकुटाबाट संचालन रहेको र मिति २०७२/०६/२२ देखि अख्तियारी सहित बसन्तपुरबाट नै संचालन भएको थियो । मिति २०७५/०९/०२ देखि २०७६/०७/०१ सम्म संघिय आयोजना कार्यान्वयन इकाई मोरङ, विराटनगरबाट संचालन भएको थियो । पुन: मिति २०७६/०७/०१ देखि हालसम्म बसन्तपुरबाट नै पूर्ण अख्तियारीमा आयोजना संचालनमा रहि कार्यक्रमहरु कार्यान्वयन भइरहेको छ । आ.व. २०७३/७४ मा नयाँ शहर आयोजना समन्वय कार्यालयले तयार गरिएको IDP अनुसार कार्यक्रम योजनाहरु कार्यान्वयन भइरहेको छ ।

### बसन्तपुर नयाँ शहरको उद्देश्य

- बसन्तपुर शहरलाई पूर्वको व्यवस्थित र पहिचान झल्कने शहरको रूपमा निर्माण गर्ने ।
- ठूला शहर र तराई तिर बसाईंसराई सरी जाने क्रम न्यूनिकरण गर्ने ।
- शिक्षा, स्वास्थ्य, यातायात, साँस्कृतिक र पर्यटन व्यवसाय विकास गरी स्थानीय जनताको पहुँचमा पुर्याउने ।
- पर्यटन व्यवसाय प्रवर्धन गरी आर्थिक विकासमा सहयोग पुर्याउने ।
- वि.स. २०९० सम्ममा कूल अनुमानित लागत रु. ११ अर्ब ३३ करोणमा बसन्तपुर नयाँ शहरमा कम्तिमा १ लाख जनसंख्या बसोबासको लागि आधुनिक पूर्वाधार निर्माण गर्ने ।

## विनियोजित बजेट र खर्चको अवस्था

रकम रु. हजारमा

| आ.व. | २०७१/७२ | ०७२/७३ | ०७३/७४ | ०७४/७५ | ०७५/७६ | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा (चालु र पूँजीगत) | ८४७४.५ | ३७०८५.५ | ७७२३१.६ | १५०३४८ | २११५०८ | ६८५४७ | ७६१८९.९ | १६११०३.९ | १६२७३३.२ | १७७०५१ |
| खर्च (चालु र पूँजीगत) | ४५८६.०६ | २१२५०.७५ | ५१५२४.१५ | १४२८२८.५ | २०७८३१.१ | ५८६८१.९६ | ७३६३३.८ | १२४४६५.५ | १४३७५६.४ | १५१८२१ |

### बसन्तपुर नयाँ शहर आयोजना कार्यालयको बेरुजु

आयोजनाको शुरुवात आ.व. २०७१/०७२ देखि आ.व. २०८०/०८१ सम्म जम्मा रु.३,२२,९२,०७१।८४ बेरुजु रहेकोमा आ.व. २०८१/०८२ मा रु.९०८४७८२/९२ फछ्र्योट भएको छ ।

### स्थापना काल देखि हालसम्मको भौतिक प्रगति विवरण

| सि.न. | कार्यक्रमको विवरण | ईकाई | हाल सम्मको जम्मा |
|---|---|---|---|
| १ | भवन निर्माण | वटा | ९ |
| २ | तरकारि/ फलफुल/ हाट बजार | वटा | १ |
| ३ | बसपार्क/पार्क निर्माण/खेल मैदान निर्माण | वटा | ९ |
| ४ | खानेपानि आयोजना | वटा | ३ |
| ५ | सौर्य बत्ति | वटा | ४४ |
| ६ | सडक निर्माण ट्र्याक खोल्ने/ स्तरोन्नति/ Graveled | कि. मि. | ५१.२५ |
| ७ | सडक ढलान | कि. मि. | ५.२६ |
| ८ | सडक सोलिंग | कि. मि. | ८.१२ |
| ९ | नाली निर्माण | कि. मि. | ३४.८३ |
| १० | फुटपाथ | मि. | २८४ |

## केहि महत्वपूर्ण आयोजनाहरु

### १. बसन्तपुर जग्गा एकीकरण आयोजना

बसन्तपुर जग्गा एकीकरण आयोजना लालीगुराँस नगरपालिका वडा नं. १ (साविक साब्रा ९) डोप्किले स्थित पूर्वमा मध्य पहाडी लोकमार्ग र पश्चिममा कोशी राजमार्गको बिचमा रहेको छ । यसको जम्मा क्षेत्रफल ४३४ रोपनीमा १४१ वटा कित्ता रहेको छ । जसमा जग्गा एकीकरण गर्दा कुल १८ वटा ब्लकहरु रहेको, २९ रोपनी Sales Plot, ७६ रोपनी बुट्यान, ९ मी. चौडाइ भएको भूमिगत कोरिडोर सहित ३.३ कि.मी भित्री सडक, १८ मी. चौडाइ भएको ३१ रोपनी खोल्सी, १७ रोपनी खुला क्षेत्र, १ रोपनी चिहान र २४१ रोपनी सम्बन्धित जग्गा धनीहरुलाई विकसित घडेरीको रूपमा फिर्ता गरिनेछ ।

विगत लामो समयदेखि यस आयोजनाको लागि बजेट विनियोजित भएर आएपनि केहि समस्या तथा विवादहरु भएका कारण केहि भौतिक प्रगती नभएकोमा आ.व. २०८०/८१ मा विभिन्न समस्या तथा विवादहरु साझा प्रयासले समाधन गरी प्रथम चरणको निर्माण कार्य सम्पन्न गरियो । आ.व. २०८१/०८२ दोस्रो चरणमा सम्पूर्ण सडकको Track Open गर्ने र त्यसभित्र ११ वटा Slab Culvert निर्माण गर्ने ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेको छ ।

जग्गा एकीकरणको लागि Block Plan स्वीकृत पछि Re–adjustment Plan तयार गरी उपभोक्ता समिति र नगर विकास समितिबाट स्वीकृत भई जग्गा प्राप्ति गर्न मन्त्री परिषद्को निर्णय पश्चात जग्गा प्राप्ति ऐन अनुसार जिल्ला प्रशासनबाट जग्गा प्राप्ति सम्बन्धी सूचना प्रकाशन गरी श्रेस्ता उतारको काम भई एकीकरणको लागि मालपोत कार्यालय र नापी कार्यलयमा काम भइरहेको छ । आगामी दिनमा जग्गा एकीकरण गरी अस्थायी धनीपुर्जा वितरण गरिने, भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न गरिसके पश्चात स्थायी धनीपुर्जा सहित जग्गा फिर्ता गरिनेछ ।



### २. चो?लुङ पार्क:

लालीगुराँस नगरपलिकाको बसन्तपुर बजारको हाताभित्र रहेको चो?लुङ पार्कमा यस तेह्रथुम जिल्लाको बाहुल्यताको रूपमा रहेको लिम्बु जातिहरुको ऐतिहासिक, साँस्कृतिक पार्कको रुपमा पूर्वाधार निर्माण गरी पूर्वको अति रमणीय र पर्यटकीय पार्कको रुपमा खडा गरियो । यस पार्क विश्वको १०० वटा घुम्नै पर्ने स्थलहरु मध्ये चो?लुङ पार्क पनि पर्न सफल भएको छ ।

